नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## प्रेस विज्ञप्ति

मिति : २०८०।०६।३०

चालु आ.ब. २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं २८९ मा **"सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा जाने व्यवस्था गरिनेछ"** भन्ने उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा पठाउन यस कार्यालयले विद्युतिय लेखा प्रणाली (Computerized Government Accounting System-CGAS) र एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) मा आबश्यक स्तरोन्नती तथा सामाजिक सुरक्षा सूचना प्रणाली VERSP-MIS (Vital Event Registration and Social Protection Management Information System) संग आबद्धताको काम सम्पन्न गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा जम्मा गर्ने कार्य प्रारम्भ गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तयार गरेको कार्ययोजना अनुसार यस प्रथम त्रैमासिकमा २३८ वटा स्थानीय तहको लगभग १८ लाख लाभग्राहीको सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा पठाउने र आगामी त्रैमासिकमा थप स्थानीय तहहरुमा विस्तार गरिदै लगिनेछ।

नेपाल सरकारको Digital Nepal Framework, 2019 ले सरकारी भुक्तानीलाई सोझै लाभग्राहीको खातामा पठाउने गरी लिएको नीति अनुरुप अधिकांश भुक्तानीहरू विद्युतीय रकम भुक्तानी (Electronic Funds Transfer- EFT) माध्यमबाट सोझै भुक्तानी पाउने पक्षको बैंक खातामा जम्मा हुने ब्यवस्था हुँदै आएको छ। विद्युतीय रकम भुक्तानी मार्फत सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा जम्मा गर्ने यस व्यवस्थाबाट लाभग्राहीको बैंक खातामा तत्काल रकम जम्मा हुने, वित्तीय जोखिममा कमी आउने र वित्तीय अनुशासन कायम भई लाभग्राहीले एकै पटक सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जस्ता महत्वपूर्ण उपलव्धी हुने अपेक्षा गरिएको छ।

८०।६।३०

लक्ष्मीप्रसाद निरौला
सहमहालेखा नियन्त्रक

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: sdrc@fcgo.gov.np, Website: www.fcgo.gov.np